नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नं ९७५

मिति :२०७७/०८/१६

विषय : कन्सुलर प्रमाणीकरण सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा कन्सुलर सेवा विभागको प.सं. कन/४/२०७७/७८ च.नं. CSCADM 7710087 मिति २०७७/०८/०८ को कन्सुलर प्रमाणीकरण सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोहि बमोजिम गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

०७७/८/१६

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# कन्सुलर सेवा विभाग
काठमाण्डौ

प्रशासन शाखा

प.सं.: कन/४/२०७६/७७
मिति:२०७७/०८/१५
च.नं.CSCADM7710087

(अत्यन्त जरुरी)

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः कन्सुलर प्रमाणीकरण सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा केन्द्रीय पञ्जीकरण विभागको च.नं. १०१७ मिति २०७४/०२/०३ को र यस विभागको च.नं. CSCADM७६२००९४ मिति २०७६/०९/२० को संलग्न पत्रहरुको सन्दर्भमा तहाँ मन्त्रालयबाट देहायबमोजिमको थप व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छः

देहायः

स्थानीय निकायहरुबाट जारी हुने जन्मदर्ताको प्रमाणपत्र, विवाहदर्ताको प्रमाणपत्र, अविवाहित प्रमाणपत्र, मृत्य दर्ताको प्रमाणपत्र लगायत अन्य कागजातहरु विदेशमा प्रयोग हुने प्रयोजनका लागि यस विभागबाट कन्सुलर प्रमाणीकरण (Consular Attestation) भइरहेको व्यहोरा अवगतै छ । सो सम्बन्धमा केन्द्रीय पञ्जीकरण विभागको च.नं. १०१७ मिति २०७४/०२/०३ गतेको सबै स्थानीय तहहरुलाई गरिएको निर्देशन अनुसार यस विभागमा प्रमाणीकरणका लागि पठाउनु पूर्व गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको केन्द्र वा वडाको स्थानीय पञ्जीकाधिकारीबाट जारी भएका विभिन्न कागजातहरुमा सम्बन्धित गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृत वा पञ्जिकरण शाखा हेर्ने अधिकृतस्तरको शाखा प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट अनिवार्य रुपमा प्रमाणीकरण (Verify) गराएर पठाउनु पर्ने व्यवस्था रहेकोमा विभिन्न स्थानीय तहहरुबाट जारी कागजातहरुमा सो नभई वडाध्यक्ष तथा गाँउपालिका अध्यक्ष/मेयरबाट प्रमाणीकरण भइ आएको कारण दैनिक रुपमा कैयौं सेवाग्राहीहरु फर्केर जानु पर्ने अवस्था रहेकोले स्थानीय निकायको वडा कार्यालयबाट जारी कागजातहरुलाई सम्बन्धित गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृत वा पञ्जिकरण शाखा हेर्ने अधिकृतस्तरको शाखा प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट मात्र अनिवार्य रुपमा प्रमाणीकरण (Verify) गरेर पठाउने व्यवस्था हुन ।

(सुजनी राना)
कन्सुलर अधिकृत

बोधार्थः
श्रीमान् सचिवज्यू,
परराष्ट्र मन्त्रालय, सिंहदरबार ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# केन्द्रीय पञ्जीकरण विभाग

बबरमहल, काठमाण्डौं

फोन नं.- ०१-४२३३८७९
फ्याक्स:- ०१-४२५८२४०

प.सं. २०७३/७४
च.नं. 9096

मिति २०७४।०२।०३

विषय:- निर्देशन सम्वन्धमा ।

श्री महानगरपालिका कार्यालय सबै,
श्री उपमहानगरपालिका कार्यालय सबै,
श्री नगरपालिका कार्यालय सबै,
श्री गाउँपालिका कार्यालय सबै ।

प्रस्तुत सन्दर्भमा नेपाल सरकार (सचिवस्तर) को मिति २०६८/०२/२४ को साविकको व्यवस्था वर्तमान परिप्रेक्ष्यमा अनुकूल नभएकोले स्थानीय तहहरु (गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट जारी भएका व्यक्तिगत घटना दर्ता प्रमाणपत्र, नाता प्रमाणित तथा अन्य कागजातहरुमा कन्सुलर प्रमाणीकरण र आधिकारिकता प्रमाणीकरण सम्वन्धमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०१/२४ को निर्णयानुसार देहाय वमोजिमको निर्देशन कार्यान्वयन गर्न गराउनु हुन अनुरोध छ ।

देहाय :-

**1. कन्सुलर प्रमाणीकरण सम्बन्धमा :-**

(क) गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको केन्द्र वा वडाको स्थानीय पन्जिकाधिकारीबाट जारी व्यक्तिगत घटना दर्ताको प्रमाण पत्र तथा नाता प्रमाणित लगायत अन्य कागजातहरुमा सम्बन्धित गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृत वा पंजीकरण शाखा हेर्ने अधिकृत स्तरको शाखा प्रमुख वा कार्यकारी अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीले प्रमाणित गरी आएका प्रमाणपत्रहरुमा कन्सुलर सेवा विभागले कन्सुलर प्रमाणीकरण गर्ने ।

(ख) प्रमाणीकरणलाई विश्वासिलो र सहज बनाउन कन्सुलर सेवा विभागलाई गाउँपालिका,नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाका कन्सुलर प्रमाणीकरण गर्ने अधिकृत कर्मचारी (प्रमाणीकरणको अधिकार भएका) को दस्तखत नमुना कन्सुलर सेवा विभागमा पठाउनु पर्ने ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय पञ्जीकरण विभाग
बबरमहल, काठमाण्डौ

फोन नं:- ०१-४२३३८७९
फ्याक्स:- ०१-४२५८२४०

**२. आधिकारिकता प्रमाणीकरणको सम्बन्धमा :-**

(क) घटना दर्ता प्रमाण पत्र तथा अन्य कागजातको आधिकारिकता प्रमाणीकरणको लागि सम्बन्धित वैदेशिक नियोगका कार्यलयवाट सिधै नेपाल स्थित कन्सुलर सेवा विभागलाई लेख्ने ।

(ख) कन्सुलर सेवा विभागले सम्बन्धित स्थानीय तह (गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका) लाई प्राप्त घटना दर्ताको प्रमाण पत्र तथा अन्य कागजात आधिकारिकता भएको वा नभएको बारे लेख्ने ।

(ग) कन्सुलर सेवा विभागवाट गाँउपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिकामा आधिकारिकता प्रमाणीकरणको लागि पत्र प्राप्त भएमा दर्ता किताबमा भिडाई आधिकारिक भए नभएको यकिन गर्ने ।

(घ) आधिकारिकता प्रमाणीकरणको लागि प्राप्त पत्र तथा अन्य कागजात आधिकारिक ठहरिएको वा आधिकारिक नठहरिएको के हो सो सम्बन्धमा कन्सुलर सेवा विभागलाई लेखि पठाउने । सोको जिम्मेवारी सम्बन्धित गाँउपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिकाको कार्यकारी अधिकृतिलाई दिने र कार्यकारी अधिकृतले आवश्यक देखेमा सो को जिम्मेवारी पंजीकरण शाखा हेर्ने अधिकृत स्तरको शाखा प्रमुख वा कार्यकारी अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीलाई दिन सकिने ।

(ङ) कन्सुलर सेवा विभागले गाँउपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका वाट प्राप्त जवाफ अनुसार सम्बन्धित वैदेशिक नियोगका कार्यालयलाई लेखि पठाउने ।

२०७४/४/३

अनिल कुमार ठाकुर
(महानिर्देशक)

**वोधार्थ तथा कार्यार्थ :-**

श्री कन्सुलर सेवा विभाग,त्रिपुरेश्वर ,काठमाण्डौ
श्री जिल्ला समन्वय समितिको कार्यालय सबै